# मधेश प्रदेश सभा सचिवालय

## जनकपुरधाम, धनुषा

## मधेश प्रदेश सभा परिसरभित्रको चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२६ गते सोमबार**

मधेश प्रदेश सभा परिसरभित्र निर्माण गरिएको चमेनागृह भवनमा प्रदेश सभा तथा सचिवालयका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी तथा विशेष प्रयोजनका लागि सचिवालयमा उपस्थित हुने सेवाग्राहीहरूले आफ्नै खर्चमा नास्ता तथा भोजन सुविधा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले चमेनागृह सञ्चालन गर्नुपर्ने आवश्यकता भएकोले, इच्छुक फर्महरूबाट प्रस्ताव आह्वान गरिएको छ। यस सम्बन्धमा इच्छुक फर्महरूले तल उल्लिखित शर्तहरूको अधीनमा रही संलग्न सूची अनुसारको नास्ता/भोजनका परिकार तथा इकाई मूल्यदर सहितको विवरण **२०८२ भाद्र ११ गते, बुधबार** भित्र, कार्यालय समयभित्र, खामबन्दी गरी यस मधेश प्रदेश सभा सचिवालयको प्रशासन शाखामा पेश गर्न अनुरोध गरिन्छ।

**शर्तहरू**

१. चमेनागृह भवन प्रयोग गरेबापत कुनै शुल्क वा भाडा तिर्नु पर्नेछैन।

२. सचिवालय र सञ्चालकबीच सम्झौता हुनुअघि, सञ्चालकले सचिवालयले तोकेको दरमा रु. ५०,००० (अक्षरुपी पचास हजार मात्र) धरौटी रकम जम्मा गर्नुपर्नेछ।

३. सरसफाइ प्रयोजनका लागि पानी सचिवालयले निःशुल्क उपलब्ध गराउनेछ। पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।

४. चमेनागृहका लागि छुट्टै विद्युत् मिटर जडान हुनेछ, र उक्त मिटरमा उपभोग भएको विद्युत् शुल्क भुक्तानी गर्ने दायित्व सञ्चालकको हुनेछ।

५. चमेनागृह सञ्चालनका लागि आवश्यक फर्निचर, टेबल, भाँडाकुँडा तथा अन्य आवश्यक सामग्रीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।

६. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर तथा चमेनागृह र वरपरको सरसफाइको स्थितिको नियमित अनुगमन हुनेछ। सेवाप्रवाह पूर्वनिर्धारित मापदण्डअनुसार सन्तोषजनक नभएमा, सचिवालयले सम्झौताका शर्तअनुसार आवश्यक कारबाही गर्न सक्नेछ।

७. सञ्चालक तथा आवश्यक सहयोगी कर्मचारीका लागि प्रदेश सभा सचिवालय परिसरमा प्रवेश गर्न 'अस्थायी प्रवेश-पास' सचिवालयद्वारा नियमानुसार प्रदान गरिनेछ।

८. प्रस्ताव पेश गर्दा खामबन्दी दररेटसहित फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, VAT तथा PAN दर्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

९. अन्य व्यवस्था सम्झौताअनुसार हुनेछ।

१०. चमेनागृहबाट उपलब्ध गराइने मुख्य नास्ता तथा भोजनका परिकार, इकाई र मूल्यसूची सम्बन्धी कागजात रु. १,००० (अक्षरुपी एक हजार मात्र) शुल्क तिरेर सचिवालयबाट प्राप्त गर्न सकिनेछ।

११. शर्तहरू पालना नगर्ने तथा सेवा गुणस्तर कायम नगर्ने अवस्थामा सचिवालयले सम्झौता अनुसार तुरुन्त कारबाही गर्नेछ।